नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
जावलाखेल, ललितपुर

# सुरक्षा सेवा करारमा लिने सम्बन्धी

## बोलपत्र आह्वानको सूचना

**(सूचना प्रकाशित मितिः २०७५।०३।१८)**

यस प्रतिष्ठानको सुरक्षा सम्बन्धी कार्य करार सेवामा गराउनु पर्ने भएकोले निम्न अनुसार योग्यता भएका ईच्छुक फर्म/कम्पनीबाट कार्यक्षेत्रगत शर्तहरू (Terms of Reference) को अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५दिन भित्र रु १०००। (एक हजार मात्र) फारम दस्तुर तिरी (फिर्ता नहुने) कम्पनी दर्ताको प्रमाण पत्र, VAT दर्ताको प्रमाणपत्र र आ.व. ०७३ /०७४ को कर चुक्ता प्रमाण पत्रहरुको नोटरी प्रमाणित प्रतिलिपि बुझाएर बोलपत्र खरिद गर्न सुचना प्रकाशित गरिएको छ । १६ औं दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता गराउन सकिनेछ । दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:३०बजे प्रतिष्ठानमा खोलिनेछ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि प्रतिष्ठानको सूचना पाटी वा website: www. nasc.org.np मा हेर्न हुन वा खरिद इकाईमा सम्पर्क राख्न हुन अनुरोध छ ।

**<u>बोलपत्रदाताको न्यूनतम योग्यताका आधारहरू (Eligibility Criteria):</u>**

(क) सुरक्षा सेवा सम्बन्धी कार्य गर्ने मुख्य उद्देश्यले नेपाल सरकारको आधिकारिक निकायमा नियमानुसार दर्ता भएको,

(ख) सुरक्षा सेवा सम्बन्धी कार्यका लागि नेपाल सरकार, गृह मन्त्रालयबाट स्वीकृती प्राप्त गरेको

(ग) स्थायी लेखा नम्बरका साथै मूल्य अभिबृद्धि करमा दर्ता भएको

(घ) आ.ब. २०७३/७४ को कर चुक्ता भएको

(ङ) कार्यक्षेत्रगत शर्त (Terms of Reference) को बुंदा नं. ४.१२ मा उल्लेख भएअनुसार सुरक्षाकर्मीहरूको न्यूनतम योग्यता, क्षमता र अनुभव भएको

(च) ईच्छुक फर्म/कम्पनीले कुनै सरकारी कार्यालय, प्रतिष्ठान, सार्वजनिक संस्थान, विश्वबिद्यालय, राष्ट्रिय स्तरको अस्पताल वा संगठित संस्थामा २०७५ जेष्ठ मसान्त सम्म निरन्तर रुपमा १ वर्ष देखि सन्तोषजनक रुपमा सुरक्षा सेवा प्रदान गरिरहेको अनुभव सम्वन्धि प्रमाण पत्रको नोटरी प्रमाणित प्रतिलिपि

| विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति | फाराम बुझाउने अन्तिम मिति | प्रस्ताव खोलिने मिति |
|---|---|---|---|---|
| सुरक्षा सेवा सम्बन्धी कार्य | रु.१०००/- | २०७५ असार ३२ गते सोमवार । (अफिस समय भित्र) | २०७५ श्रावण १ गते मंगलवार । (अपरान्ह १२:०० बजे भित्र) | २०७५ श्रावण १गते मंगलवार । दिँउसो २:३० बजे । |